# मासिक प्रतिवेदन

## २०८२ चैत

परराष्ट्र मन्त्रालय
सिंहदरबार

## २०८२ चैत महिनामा परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादित प्रमुख कार्यहरू:

१.पश्चिम एसियामा जारी द्वन्द्वको सन्दर्भमा २०८२ चैत १ गते मन्त्रालयले एक एड्भाइजरी जारी गर्दै सम्बन्धित देशहरूमा रहेका सबै नेपालीहरूलाई सरकारी निकायका सूचनामा मात्र भर पर्न, द्वन्द्वको अवस्थामा फैलन सक्ने अफवाहबाट टाढा रहन र निषेध गरिएका फोटो/भिडियो वा अन्य कन्टेन्ट निर्माण र सेयर नगर्नअपिल गरिएको।

२.संयुक्त राज्य अमेरिका र इरानबीच २०८२ चैत २५ गते दुई हप्ताका लागि युद्धविराम गर्ने घोषणा भएको सन्दर्भमा प्रेस वक्तव्य जारी गरी उक्त घोषणाको स्वागत गर्दै त्यस क्षेत्रमा दीगो शान्ति स्थापनाका लागि आव्हान गरिएको।

३.२०८२ चैत २५ गते सम्माननीय प्रधानमन्त्रीसँग काठमाडौंस्थित १७ जना राजदूत/कूटनीतिक नियोग प्रमुखहरूले गर्नुभएको संयुक्त शिष्टाचार भेटको कार्यक्रम आयोजना गरिएको।

४.तत्कालीन परराष्ट्र मन्त्री श्री बालानन्द शर्मालाई विदाई गरिएको र २०८२ चैत १३ गते नवनियुक्त परराष्ट्र मन्त्री श्री शिशिर खनालले पदभार ग्रहण गर्नुभएको।

५.नवनियुक्त सम्माननीय प्रधानमन्त्री र माननीय परराष्ट्र मन्त्रीलाई विभिन्न मित्रराष्ट्रहरूबाट प्राप्त बधाई सन्देशहरू उच्च गन्तव्यमा प्रेषित गरी धन्यवाद पत्र पठाइएको।

६.माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनाल ९-१४ अप्रिल २०२६ मा Port Louis, Mauritius मा आयोजित ९th Indian Ocean Conference २०२६ मा सहभागी भई नेपालको हित, चासो र सरोकारका विषयहरू समावेश गरी उक्त सम्मेलनलाई सम्बोधन गर्नुभएको। सो कार्यक्रमको sidelines मा भारत, बंगलादेश, युएई, सिंगापुर, तान्जानिया, भुटान, मौरिसस र सेसेल्सका परराष्ट्र मन्त्रीहरूसँग छुट्टाछुट्टै भेटघाट गरी आपसी हितका विषयमा छलफल पनि गर्नुभएको।

७.माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनाल र युएईका परराष्ट्र मन्त्री H. E. Sheikh Abdullah Bin Zayad Al Nahyan बीच २०८२ चैत २४ मा टेलिफोन संवाद भएको। सो अवसरमा नेपाल र युएईबीचको घनिष्ठ सम्बन्धलाई थप प्रगाढ बनाउने र त्यहाँ रहेका नेपाली नागरिकको सुरक्षा एवम् हित लगायतका विषयमा छलफल भएको।

८.माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनाल र पोर्चुगलका परराष्ट्र मन्त्री H. E. Mr. Paulo Rangel बीच २०८२ चैत १८ मा टेलिफोन संवाद भएको। सो अवसरमा Fake stamp को कारण पोर्चुगलमा कानूनी तथा प्रक्रियात्मक जटिलता सामना गरिरहेका नेपाली नागरिकहरूको हितको सुरक्षाका लागि मानवीय दृष्टिबाट समस्या समाधानका लागि पहल गरिनुका साथै नेपाल-पोर्चुगल सम्बन्धलाई थप प्रगाढ बनाउने दिशामा छलफल भएको।

९. पश्चिम एसियामा विद्यमान तनाव तथा सुरक्षा अवस्थाका कारण उक्त मार्गहरूमा नियमित उडान २८ फेब्रुअरी २०२६ देखि निलम्बित रहेकोमा माननीय परराष्ट्र मन्त्रीको पहलमा २०८२ चैत १७ मा सम्बद्ध मन्त्रालय तथा निकायहरूबीच भएको बैठकको निर्णयअनुसार दुवई र दमामका लागि विशेष उडानहरू सञ्चालन गरी त्यसबाट सो क्षेत्रमा रहेका नेपालीलाई स्वदेश फर्काउन सहजीकरण गरिएको। उक्त क्षेत्रमा लामो समयदेखि रहेका नेपाली नागरिकका शवहरू नेपाल ल्याइएको।

१०. माननीय परराष्ट्र मन्त्रीसँग नेपालका लागि संयुक्त अधिराज्यका राजदूत H. E. Mr Rob Fenn; स्विजरल्याण्डका राजदूत Dr Danielle Meuwly; चीनका राजदूत H. E. Mr Zhang Maoming; भारतका राजदूत H. E. Mr Naveen Srivastava; र संयुक्त राज्य अमेरिकाका कार्यवाहक राजदूत Mr Scott Urbom ले छुट्टाछुट्टै शिष्टाचार भेटघाट गर्नुभएको। ती अवसरहरूमा द्विपक्षीय हित लगायतका विषयमा कुराकानी भएको।

११. डा. हेमराज शर्मासहित गैर आवासीय नेपाली संघका नवनिर्वाचित पदाधिकारीहरूको टोलीले २०८२ चैत २० गते माननीय परराष्ट्र मन्त्रीसँग शिष्टाचार भेट गरेको। उक्त अवसरमा गैर आवासीय नेपालीसँग सम्बन्धित विविध विषयहरूमा छलफल भएको।

१२. नेपाल सरकारको शासकीय सुधार सम्बन्धी १०० कार्यसूची अनुरूप सेवा प्रवाहलाई चुस्त बनाइ AI मा आधारित Virtual Assistant सञ्चालन गरी नागरिक र सेवाग्राहीका सूचना, चासो र गुनासोहरूको प्रभावकारी सम्बोधन गर्ने कार्य अगाडि बढाइएको।

१३. मिति २०८२ चैत १३ को नेपाल सरकार, मन्त्रिपरिद्को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको परराष्ट्र मन्त्रालयसँग सम्बन्धित बुँदाहरूको साप्ताहिक प्रगति प्रतिवेदन OPMCM मा प्रेषित गर्ने गरिएको।

१४. परराष्ट्र सचिव श्री अमृत बहादुर राईलाई नेपालका लागि बंगलादेशका राजदूत H.E. Md. Shafiqur Rahman ले शिष्टाचार भेट गर्नुभएको। भेटका अवसरमा दुई देशबीचको सम्बन्धका विभिन्न पक्षहरूमा छलफल भएको।

१५. नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसंघले अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस घोषणा गरेको सन्दर्भमा उक्त प्रस्तावलाई सहप्रायोजन गर्ने र मतदानमा समर्थन गर्ने सबै मुलुकहरूलाई धन्यवाद ज्ञापन गरिएको।

१६. अन्तर्राष्ट्रिय आरोग्य दिवस भव्यताका साथ मनाउन विदेशस्थित सम्पूर्ण नेपाली नियोगहरूलाई निर्देशन दिइएको। उक्त दिवसका सम्बन्धमा माननीय परराष्ट्र मन्त्रीको भिडियो सन्देश तयार गरिएको। साथै, उक्त भिडियो र नेपाल पर्यटन बोर्डले यस विषयमा तयार पारेका भिडियोहरू सबै नियोगहरूमा पठाइएको।

१७. LDC Watch को सचिवालय नेपालमा स्थापना गर्ने सम्बन्धी नेपाल सरकार र LDC Watch बीचको सम्झौतापत्रमा सामान्य संशोधनसहित ५ वर्ष (१७ मार्च २०२६ देखि १६ मार्च २०३१ सम्म) का लागि नवीकरण गरिएको।

१८. BIMSTEC Permanent Working Committee (BPWC) को नवौं बैठक (७-८ अप्रिल २०२६, ढाका), WTO को चौधौं मन्त्रीस्तरीय सम्मेलन (२५-२९ मार्च २०२६, याउन्डे) र BBNJ Agreement को Preparatory Commission को तेस्रो सत्र (२३ मार्च-२ अप्रिल २०२६, न्यूयोर्क) लगायत विभिन्न अन्तर्राष्ट्रिय बैठकहरूमा नेपालले सक्रिय सहभागिता जनाएको।

१९. आर्थिक सर्वेक्षण, मध्यमकालीन खर्च संरचना, आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यसँग सम्बन्धित परराष्ट्र मन्त्रालयका विवरणहरू सम्बन्धित निकायमा प्रेषित गरिएको।

२०. SACEP द्वारा तयार गरिएको "Plastic Pollution Free South Asia" सम्बन्धी घोषणापत्रमा नेपालले समर्थन जनाएको। साथै SCO Development Bank स्थापनासम्बन्धी परामर्श बैठकमा नेपाल सहभागी भएको।

२१. २०८२ चैत २४ गते निर्यात व्यापार तथा लगानी प्रवर्द्धन सम्बन्धमा कर्णाली प्रदेशस्तरीय आर्थिक कूटनीति कार्यक्रम सम्पन्न गरिएको।

२२. पश्चिम एसियाको द्वन्द्व र त्यहाँ रहेका नेपाली नागरिकहरूको हकहित संरक्षण र सुरक्षाका सम्बन्धमा २०८२ चैत २७ गते माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनाल नेतृत्वको High-Level Inter-ministerial Task Force ले गरेका कार्य प्रगति तथा परराष्ट्र सचिवको अध्यक्षतामा गठित Emergency Response Team को पाँचौं बैठकले गरेका निर्णयलगायत अन्य सान्दर्भिक विषयमा मन्त्रालयमा प्रेस ब्रिफिङ आयोजना गरिएको।

२३. पश्चिम एसिया क्षेत्रमा विकसित घटनाक्रम तथा नयाँ राहदानी प्रणाली कार्यान्वयनका सम्बन्धमा २०८२ चैत १६ र चैत २० गते प्रेस ब्रिफिङ आयोजना गरिएको।

२४. परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पन्न जनचासो र महत्त्वका मुख्य कामहरू प्रवक्ताको कार्यालयबाट तत्काल र मन्त्रालयको आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जाल ह्याण्डलहरूबाट निरन्तर रूपमा प्रकाशन र प्रचारप्रसार भएका।

२५. बुँदा नम्बर २८ बमोजिमका जानकारीहरू सर्वसाधारणले सहजै बुझ्न सक्ने graphics सहितका कन्टेन्ट तयार गरी सामाजिक सञ्जाल र वेबसाइटमार्फत सम्प्रेषण गर्न शुरू गरिएको। चैत महिनामा मात्र यस प्रकारका २५ वटा कन्टेन्ट तयार गरिएको।

२६. २०८२ चैत २१ गते सञ्चार जगतसँगको समन्वयलाई थप चुस्त एवं प्रभावकारी बनाउन QR Technology बाट जोडिन सक्ने WhatsApp Group तयार गरी सूचना प्रवाह गर्न शुरू गरिएको।

२७. नेपालको प्राकृतिक सौन्दर्यताका साथै कला, संस्कृति, सम्पदा प्रवर्द्धन गरी राष्ट्रको छवि अभिवृद्धि गर्ने अभिप्रायले सामाजिक सञ्जाल X @MOFANEPAL_PD मा नेपाली चाडपर्व तथा दिवसहरू र संयुक्त राष्ट्रसंघद्वारा घोषित नेपालसँग सन्दर्भ राख्ने अन्तर्राष्ट्रिय दिवसहरूका अवसरमा फोटो/भिडियो सहितका कन्टेन्टहरू तयार गरी प्रकाशित/प्रसारित गरिएको।

२८. मन्त्रालयको वेबसाइट अद्यावधिक गर्ने कार्यका लागि निरन्तर समन्वय गरिएको। यस कार्यका लागि प्राप्त मस्यौदाहरूलाई अध्ययन, परिमार्जन र सम्पादन गरी अन्तिम रूप प्रदान गरिएको।

२९. सूचनाको हकसम्बन्धी ऐन बमोजिम माग भएका निवेदनउपर सूचनाहरू उपलब्ध गराइएको।

३०. प्राप्त निवेदनबमोजिम १७ थान गैर आवासीय नेपाली परिचयपत्र जारी गरिएको।

३१. कन्सुलर सेवा विभागबाट ११६ जना नेपाली नागरिकहरूको उद्धार तथा क्षतिपूर्तिका लागि र विदेशमा मृत्यु भएका २९ जना नेपालीहरूको शव व्यवस्थापनका लागि नेपाली नियोगहरूसँग समन्वय तथा सहजीकरण गरिएको।

३२. कन्सुलर सेवा विभागबाट यस महिनामा ७०,४०२ थान कागजातहरू प्रमाणीकरण गरिएको। यसका अतिरिक्त विभागबाट अन्य नियमित कामहरू सम्पन्न गरिएको।

३३. राहदानी विभाग, विदेशस्थित नेपाली नियोग तथा जिल्ला/इलाका प्रशासन कार्यालयबाट गरी यस महिनामा १,०२,६०४ थान राहदानी जारी गरिएको।

३४. मन्त्रालय र अन्तर्गतका निकायबाट अन्य कामहरू/सेवाहरू निरन्तर सम्पादन/प्रवाह भएका।

परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल